


# १ बाइबलको विशेषता

***यस अध्यायका मूल पदहरू:*** **व्यवस्था ३२:४५-४७, उत्पत्ति ४९:८-१२, यशैया ५३:३-७, १ कोरन्थी १५:३-५, ५१-५५ र रोमी १२:२।**

***यस अध्यायको मूल सार पद:*** **"तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो ज्योति हो" (भजन ११९:१०५बाट रूपान्तरित)।**

एशिया, अफ्रिका र पश्चिमी मुलुक युरोपमा १५०० भन्दा धेरै वर्ष लगाएर लेखिएको ६६वटा पुस्तकहरू भएको पवित्र धर्मशास्त्र बाइबलको आफ्नै विशेषता छ। यो अतुलनीय अर्थात् कुनै पुस्तक वा धार्मिकशास्त्रसँग तुलना गर्न नसकिने पुस्तक हो। विश्वमा भएका कुनै पनि धार्मिक दर्शन वा शास्त्रको दाजोमा बाइबललाई किन राख्न हुँदैन भने यो पुस्तक परमेश्वरको निजी वचन हो।

येशू ख्रीष्टपछि प्रथम चारसय वर्षसम्म देखा परेका नयाँ करारका हस्तलिखित वा हातले लेखेका सामग्रीहरू २४६०० प्रति अहिले पनि सुरक्षित भएका र ती लेखहरू सङ्कलन गरेर लेखिएको त्यो पुस्तक अरू कुनै पुस्तक समान नभएको पुस्तक हो। ग्रीकको ई.पू. ४२८-३४८का प्रख्यात दार्सनिक प्लेटोका हस्तलिखित प्रति केवल सातवटामात्र सुरक्षित छन्। ई.पू. चौथौं शताब्दीका प्रख्यात ग्रीक इतिहासकार हेरोडोटसका ८वटा हस्तलिखित ग्रन्थहरू छन् भने ई.पू. नौ शताब्दीका प्रख्यात लेखक होमरले लेखेका काल्पनिक पौराणिक कथाको हस्तिलिखित वा पाण्डुलिपि केवल २६३ प्रतिहरूमात्र छन्। ती सबै ग्रन्थहरूको दाँजोमा नयाँ करार पुस्तकका लेखहरूको अस्तित्व अत्यन्तै गरिमामय र प्रभावकारी भएको प्रमाणित हुन्छ। यसको गरिमालाई अन्य कुनै पुस्तकसँग तुलना गर्नै सकिँदैन।

विश्वमा अनुवाद गरिएका पुस्तकहरूमै बाइबल प्रथम पुस्तकमा पर्दछ। पश्चिमी देश जर्मनमा जब चौधौं शताब्दीमा गुटेनवर्गले पुस्तक छाप्ने मेशिनको आविष्कार गरे त्यसवेला पनि उनले छापेका पुस्तकहरूमा बाइबल नै पहिलो पुस्तक थियो। विश्वको विभिन्न भाषाहरूमा अनुवाद गरिएको यो बाइबल विश्व्यापी वितरणमै पहिलो पुस्तक हो। आज विश्वका ९५ प्रतिशत मानिसहरूले आफूले जानेकै भाषामा बाइबल पढ्न सक्दछ।

बाइबलको उल्लेखनीय विशेषता भनेकै यसमा भएका विषयसूची र सन्देशहरू हुन्। विश्वको मानव इतिहासमा परमेश्वरले दिनुहुने मुक्तिको संदेशलाई केन्द्रविन्दु बनाएर लेखिएको धर्मशास्त्र नै बाइबल हो। भविष्यवाणीहरू र इतिहास साथै परमेश्वरको भविष्यको योजना र उहाँको अनन्त राज्यको बारेमा खुलस्त पारेर लेखिएको पुस्तक नै बाइबल हो। यो परमेश्वरको जीवित वचन हो किनभने यो धर्मशास्त्र लेख्न पवित्र आत्माद्वारा प्रेरित गरिएको थियो । (२ तिमोथी ३:१६,१७) उहाँले नै आज पनि बाइबलप्रति अगाध श्रद्धा राखेर अध्ययन गर्ने विश्वासीहरूलाई सबै सत्यमा अगुवाई गर्ने प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १४:१६, यूहन्ना १५:२६, यूहन्ना १६:१३)।

## १. परमेश्वरको जीवित वचन

कुनै पनि मानिसले मर्नुभन्दा अघि बोलेको वचन अत्यन्तै महत्त्वपूर्ण हुन्छ। बाइबलको जग मानिएका प्रथम पाँच पुस्तकहरूका लेखक मोशाले पनि आफू मर्नुभन्दा अघि मानिसहरूको सामु परमेश्वरको स्तुति गाएका थिए (व्यवस्था ३१:३०-३२:४३)।

**प्रतिज्ञा गरिएको भूमिमा जान तयार भइरहेका हिब्रू वा इस्राएलीहरूको जीवनमा परमेश्वरको वचन र त्यसको शक्तिको बखान मोशाले कसरी गरेका थिए? पढ्नुहोस्, व्यवस्था ३२:४५-४७ " ४५ जब मोशाले सारा इस्राएलीहरूलाई यी सबै वचनहरू भनिसिद्ध्याए, ४६ तब तिनले तिनीहरूलाई भने, "आज मैले तिमीहरूलाई गम्भीरतापूर्वक दिएका सबै वचनहरू आफ्नो मनमा राख, ताकि आफ्ना छोराछोरीहरूलाई पनि यस व्यवस्थाका सबै वचनहरू होशियारीसाथ पालन गर्ने आज्ञा दिन सक। ४७ यी तिमीहरूका लागि व्यर्थका शब्द होइनन्। यी तिमीहरूका लागि जीवन हुन्। यीद्वारा नै यर्दन पारि अधिकार गर्नलाई जान लागेको देशमा तिमीहरू दीर्घायु हुनेछौ।"**

मोशाले उच्चारण गरेका अन्तिम बोलीहरूमा एउटा कडा अर्ती वा उपदेश दिएका थिए। आफूद्वारा परमेश्वरले बोल्नुभएका वचनहरूप्रति केन्द्रित गर्दै आफ्ना हृदयहरू ती मानिसहरूले बसाले। परमेश्वर तिनीहरूकै भएर तिनीहरूको पक्षमा हुनुहुनेछ र तिनीहरूकै जीवनबाट उहाँले आप्नो इच्छाहरू पूरा गर्नुहुनेछ भनेर मोशा जोड दिंदछन्। यदि ती वचनहरू प्रत्येक पुस्ताका सन्तानहरूलाई सिकाइयो भने परमेश्वरको मुक्तिको योजनाको करार तिनीहरूमा सारिनेछ भनिएको छ। यो पनि ख्याल गर्नु जरुरी छ कि तिनीहरूले कुन वचन पालन गर्ने कुन वचन पालन नगर्ने आफू खुशी परमेश्वरको वचन पालन गर्ने होइन तर व्यवस्थाका सम्पूर्ण वचनहरू पालना गर्न तिनीहरूलाई अऱ्हाइएको छ (व्यवस्था ३२:४६)। यस पृथ्वीको इतिहासको अन्तमा परमेश्वरले ती मानिसहरू खडा गर्नुहुनेछ जो बाइबलका सम्पूर्ण पुस्तकहरूमा दिइएका नीतिहरूप्रति बफादार रहनेछन् जुन नीतिमा परमेश्वरका आज्ञाहरू पालना गर्ने र येशूलाई विश्वास गर्ने हुन्छन् (प्रकाश १४:१२ नेपाली अनुवादमा येशूमाथि विश्वास भनिएको छ तर अरू अनुवादहरूमा "येशूको विश्वास" भनेर पुष्टि गरिएको छ अर्थात् परमेश्वरमाथि जुन विश्वास थियो त्यही विश्वास येशूमा पनि थियो र हामीमा पनि हुनुपर्छ)। यी मानिसहरू बाइबलका शिक्षादीक्षाहरूमा अडिग भएर बस्नेछन् किनभने यसले यस संसारमा हुँदा अर्थमूलक जीवन बिताउनमात्रै सहयोग गर्दैन तर यसले स्वर्गमा येशूले हाम्रो निम्ति तयार पारिरहेको घरमा जान पनि निर्धारण वा निर्णय गर्नेछ (यूहन्ना १४:१-३)।

**मुक्ति र अनन्त जीवनको बारेमा देहायका पदहरूले के बताउँछ? वचन नै देह हुन आयो भन्दा धर्मशास्त्र बाइबलसँग प्रेरणा र यसले प्रकट गर्न चाहेको कुरासँग यसको के सम्बन्ध छ? हेर्नुहोस्, यूहन्ना १:१-५, १४ " १ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।... १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।" र यूहन्ना १४:६ "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।"**

सम्पूर्ण धर्मशास्त्र बाइबलको केन्द्रविन्दु र लक्ष्य येशू हुनुहुन्छ। उहाँ मशीह भएर यहाँ आउनुको अर्थ पुरानो करारमा उल्लेख गरिएका प्रतिज्ञाहरू पूरा हुन थियो। उहाँ पुरानो करारमा भविष्यवाणी गरिए झैं आउनुभयो, जिउनुभयो, मर्नुभयो र फेरि पुनर्जीवित हुनुभयो यसले बाइबल सत्य हो भनेर प्रमाणितमात्र गर्दैन तर यसले अनन्त जीवन दिने महान् प्रतिज्ञाहरू लेखिएका हुनाले मानव जीवनको अस्तित्वलाई यसले नयाँ आयाम पनि दिएको छ।

**व्यवस्था ३२:४७ फेरि पढ्नुहोस् "यी तिमीहरूका लागि व्यर्थका शब्द होइनन्। यी तिमीहरूका लागि जीवन हुन्। यीद्वारा नै यर्दन पारि अधिकार गर्नलाई जान लागेको देशमा तिमीहरू दीर्घायु हुनेछौ।" परमेश्वरको वचनको सत्यतालाई तपाईंले पालन गर्दा के भएको थियो के तपाईंले कहिल्यै अनुभव गर्नुभएको छ, के उहाँको वचन तपाईंको निम्ति कहिल्यै "बेकारको" हुन गएको छ? परमेश्वरप्रतिको विश्वास र उहाँका वचनहरू पालना गर्नु किन कहिल्यै पनि व्यर्थ हुँदैन?**

## २. बाइबल कसले र कहाँ लेखे?

बाइबलका लेखकहरू थरि थरिका थिए। तिनीहरू विभिन्न ठाउँका र विभिन्न समयहरूका थिए साथै तिनीहरूको पृष्ठभूमि पनि फरक फरक थियो। तैपनि बाइबलमा दिइएको एकरुपताले मानव इतिहासमा परमेश्वरले कसरी काम गर्नुहुन्छ भनेर उपलब्ध गराइएको प्रमाणले बाइबलको विशेषतालाई औंल्याउँछ। जुनसुकै देश र संस्कार अर्थात् संस्कृति वा रहनसहन र इतिहासका मानिसहरू भएतापनि उहाँका सन्देशहरू तिनीहरूको निम्ति उपयुक्त भएको देखिन्छ।

**देहायका पदहरूले बाइबलका लेखकहरू र तिनीहरूको पृष्ठभूमिको बारेमा हामीलाई के भन्छ? हेर्नुहोस्, प्रस्थान २:१० "बालक ठूलो भएपछि तिनले त्यसलाई फारोकी छोरीकहाँ ल्याइन्, र त्यो तिनको छोरो भयो। तिनले त्यसको नाउँ मोशा राखिन्, किनकि तिनले भन्थिन्, "मैले यसलाई पानीबाट निकालेकी हुँ।" , आमोस ७:१४ "आमोसले अमस्याहलाई यो जवाफ दिए, "म त अगमवक्ता थिइनँ, र अगमवक्ताको छोरो पनि होइनँ। तर म एउटा गोठालो र अञ्जीरका रूखहरू हेरचाह गर्ने मानिस थिएँ।", यर्मिया १:१-६ "१ बेन्यामीनको इलाकाको अनातोतमा बस्ने पूजाहारीहरूमध्ये एक जना, हिल्कियाहका छोरा यर्मियाका वचन यी हुन्। २ यहूदाका राजा अमोनका छोरा योशियाहका राजकालको तेह्रौं वर्षमा परमप्रभुको वचन तिनीकहाँ आयो, ३ अनि**

परमप्रभुको वचन यहूदाका राजा योशियाहका छोरा यहोयाकीमको राजकालभरि र यहूदाका राजा योशियाहका छोरा सिदकियाहका राजकालको एघारौं वर्षको पाँचौं महिनासम्म, यरूशलेमका मानिसहरू कैदमा नलगुञ्जेलसम्मै आइरह्यो। ४ परमप्रभुको यो वचन मकहाँ आयो, ५ "मैले तिमीलाई गर्भमा रच्नभन्दा अघि नै तिमीलाई चिनिसकेको थिएँ, तिमी जन्मनभन्दा अघि नै मैले तिमीलाई अलग गरें। मैले तिमीलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें।" ६ मैले भनें, "हे परमप्रभु परमेश्वर, म त बोल्नै जान्दिनँ, म त बालकै छु।", दानिएल ६:१-५ "१ सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो। २ तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। ३ अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। ४ तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए। ५ अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै पनि आधार कहिल्यै पाउन सक्नेछैनौं।" , मत्ती ९:९ "येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" अनि तिनी उठे र उहाँको पछि लागे।", फिलिप्पी ३:३-६ "३ किनकि परमेश्वरलाई आत्मामा पुज्ने र ख्रीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं। ४ यद्यपि म आफैलाई त शरीरमा भरोसा राख्ने कारण छ। कुनै मानिसले शरीरमा भरोसा राख्ने कारण छ भन्ठान्छ भने, मेरो त झन् बढ़ी कारण छ। ५ आठौं दिनमा मेरो खतना भएको हो। म इस्राएल जातिको, बेन्यामीन कुलको हुँ, हिब्रूको पनि हिब्रू, व्यवस्थाको विषयमा हो भने एक फरिसी, ६ जोशको विषयमा हो भने मण्डलीलाई सताउने, धार्मिकताको विषयमा हो भने व्यवस्थामा भएको धार्मिकताबमोजिम निष्खोट ठहरिएको हुँ।" र प्रकाश १:९ "म यूहन्ना, तिमीहरूका दाजु, तिमीहरूका साथसाथै येशूमा भएका

**कष्ट, राज्य र सहनशीलतामा सहभागी छु। परमेश्वरको वचन र येशू ख्रीष्टको गवाहीको खातिर म पत्मोस भन्ने टापूमा थिएँ।"**

विभिन्न पृष्ठभूमि भएका मानिसहरूद्वारा विभिन्न परिस्थितिहरूमा बाइबल लेखिएको थियो। कुनै पुस्तक दरवारमा हुँदा लेखिएको थियो भने कुनै झ्यालखानाबाट, कुनै निर्वासन वा विदेशमा प्रवासी जीवन बिताउनुपर्दा लेखिएको थियो भने कुनै सुसमाचार प्रचार गर्ने यात्राको दौरानमा लेखिएको थियो। ती लेखकहरूको पनि विभिन्न शैक्षिक पृष्ठभूमि थियो भने तिनीहरूको पेशा पनि फरक फरक थियो। बाइबलका लेखकहरूमध्ये मोशा पनि एक थिए। उनी इजिप्ट देशका भावी राजा मानिएका थिए। अर्को लेखक दानिएल थिए जसले विश्वसभ्यताको स्वर्णयुग मानिएको बेबिलोनको (आधुनिक इराक) उच्च पदमा आशिन भएर देशको सेवा गरेका थिए। अरू लेखकहरू साधारण गोठालाहरू थिए भने कोही युवा र कोही वयोवृद्धहरू पनि थिए। ती मानिसहरू विभिन्न पृष्ठभूमिका भएतापनि तिनीहरू सबैमा एउटै साझा तत्व थियोः तिनीहरू जो भएपनि, जहाँ भएपनि वा जुन समयका भएतापनि तिनीहरूलाई परमेश्वरबाट बोलावट भएको थियो र पवित्र आत्माको प्रेरणाले उहाँका जनहरूको निम्ति सन्देश लेख्न अऱ्हाइएको थियो। कतिपय लेखकहरूले जुन घट्नाहरूको बारेमा लेख्नुपरेको थियो तिनीहरू ती घट्नाहरूको प्रत्यक्षदर्शी पनि थिए। अरूले ती घट्नाहरू व्यक्तिगतरुपमा होशियारीसाथ छानबिन गरि लेखेका थिए भने अरूले भएका सामग्रीहरूलाई गम्भीर र सावधानीपूर्वक प्रयोग गरेका थिए (यहोशू १०:१३, लूका १:१-३)। तर बाइबलको सम्पूर्ण भागहरू प्रेरित हुन वा परमेश्वरको आत्माद्वारा प्रेरणा दिएर लेखिएका हुन् (२ तिमोथी ३:१६)। त्यसैकारण पावल यो विचार व्यक्त गर्दछन् "अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं।" (रोमी १५:४)। मानिसहरूका विभिन्न भाषाहरू परमेश्वरले सृष्टि गर्नुभएको हो। उहाँले चुनिएका जनहरूलाई प्रेरणादायी सोचहरू दिएर भरपर्दो र विश्वासिलो मानवीय भाषामा लेख्न लगाएर जनसमक्ष आफ्नो सन्देश प्रकट गर्नुहुन्छ।

"मानवीय माध्यमहरूद्वारा आफ्नो सत्यता प्रकट गर्न परमेश्वर शोखिन हुनुहुन्छ। योग्य मानिसहरूलाई चुनेर उहाँ आफै र उहाँको पवित्र आत्माद्वारा उहाँको काम गर्न सामर्थी बनाउनुहुन्छ। के बोल्ने र के लेख्ने भनेर छनोट गर्ने दिमागलाई उहाँले नै अगुवाई गर्नुहुन्छ। परमेश्वरको अमूल्य खजानालाई मानवरूपी माटोका भाँडाहरूमा सुम्पनुभएको थियो। जे भएपनि ती सबै

परमेश्वरबाट आएका हुन्।" एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, पृ. २६बाट रूपान्तरित।

**धेरै थरिका लेखकहरू: धेरै थरिका विषयवस्तुहरू तर उहीँ एउटै परमेश्वरले तिनीहरूद्वारा प्रकट गर्नुभएको थियो। यो अचम्मको सत्यले परमेश्वरको वचनको सत्यवादीतालाई हाम्रो सामु साकार गर्न कसरी सहयोग गर्दछ?**

## ३. भविष्यवाणीको रूपमा बाइबल

अरू धर्मग्रन्थहरूभन्दा बाइबलको एउटा विशेषता भनेकै यसको ३०प्रतिशत सामग्रीहरू भविष्यवाणी र भविष्यवाणीयुक्त लेखहरू समावेश हुनु नै हो। अनि ती भविष्यवाणी र त्यसको पूरा हुने तथ्यगत समय पनि त्यसमा समावेश हुनु नै बाइबलले देखाएको पृथ्वीप्रतिको मुख्य केन्द्रविन्दु हो। जुन परमेश्वर विगतको इतिहासमा सक्रिय हुनुभयो उहाँमा नै भविष्यको पनि ज्ञान छ। त्यो ज्ञान उहाँले उनका अगमवक्ताहरूद्वारा प्रकट गर्नुभएको थियो (आमोस ३:७)। बाइबल जीवित वचनमात्र होइन वा ऐतिहासिक वचनमात्र होइन यो भविष्यवाणीको पुस्तक पनि हो।

**देहायका पदहरूले मसीहको आगमनको विषयमा कसरी प्रकट वा भविष्यवाणी गरेको छ? हेर्नुहोस्: उत्पत्ति ४९:८-१२ "८ "ए यहूदा, तिम्रा दाजुभाइहरूले तिम्रो प्रशंसा गर्नेछन्, तिम्रो हातले तिम्रा शत्रुहरूका गर्दन पक्रनेछ, तिम्रै बाबुका छोराहरू तिम्रो सामुन्ने निहुरिनेछन्। ९ यहूदा सिंहको डमरु हो। ए मेरो छोरो, शिकारबाट तिमी आएका छौ, त्यो निहुरिन्छन्, र सिंहझैं लेटिरहन्छन्, अँ, सिंहनीझैं– कसले त्यसलाई उठाउने आँट गर्छ? १० यहूदाको हातबाट राजदण्ड हट्नेछैन, राज्य चलाउनेको लाठी त्यसका खुट्टाका बीचबाट हट्नेछैन, जबसम्म त्यसका मालिक आउँदैनन्। र जातिहरू उहाँको आज्ञाकारी बन्नेछन्। ११ त्यसको गधालाई दाखको बोटमा, र गधाको बछेड़ालाई चाहिँ उत्तम जातको हाँगामा बाँध्नेछ। त्यसले आफ्ना लुगाहरू दाखमद्यमा,
आफ्ना पोशाक अङ्गूरको रसमा धुनेछन्। १२ त्यसका आँखा दाखमद्यभन्दा गाढ़ा, र त्यसका दाँत दूधभन्दा सेता हुनेछन्।", भजन २२:१२-१८ " १२ धेरै साँढ़िहरूले मलाई घेरेका छन्, बाशानका बलिया साँढ़िहरू मेरा चारैपट्टि छन्। १३ आफ्नो शिकार फहराउने भोकाएका गर्जने सिंहहरू मेरो विरुद्ध आफ्ना मुख बाउँछन्। १४ म त पानीझैं पोखिएको छु, र मेरा सारा हड्डीका जोर्नीहरू फुस्केका छन्। मेरो मुटु मैनजस्तै भइसकेको छ, मेरो छातीभित्र त्यो पग्लेको**

छ। १५ माटोको खपटोझैं मेरो बल सुकिसकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिएको छ। तपाईंले मलाई मृत्युको धूलोमा मिलाउनुभएको छ। १६ कुकुरहरू मेरा चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेड़ेका छन्। १७ मेरा सबै हाड़हरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन्। १८ तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन्।", यशैया ५३:१-९ "१ हाम्रो समाचार कसले विश्वास गरेको छ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो? २ ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। ४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ७ ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन। ८ अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो। ९ उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो।", दानिएल ९:२४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू'को आदेश तोकिएको छ।" मीका ५:२ "२ "तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना

**निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ।", मलाकी ३:१ ""हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन्। तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाहना गर्दछौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।", जकरिया ९:९ "हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोरसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।"**

मसीहको आगमनको बारेमा लगभग ६६ वटा भविष्यवाणीहरू पुरानो करारमा उल्लेख गरिएका छन्। अझ प्रतीकहरूलाई हेर्यौं भने झन धेरै पाउँछौं। (पुरानो करारले सिकाएका विभिन्न विधि र बलिहरू ती प्रतीक हुन् जुन येशूको बारेमा ससना भविष्यवाणीहरू थिए)। "यहूदाबाट राजदण्ड कहिल्यै पनि अलग हुनेछैन" (उत्पत्ति ४९:१०), उहाँ यहूदाको बेथलेहेममा जन्मिनुहुनेछ (मीका ५:२), उहाँलाई मानिसहरूले "हेप्नेछन्, अस्वीकार गर्नेछन्, कुट्नेछन्, झुठो आरोप लगाएर मुद्दा हाल्नेछन् तैपनि उहाँले आफ्नो बचाऊको निम्ति मुख खोल्नुहुने छैन (यशैया ५३:३-७रूपान्तरित), उहाँका हात र पाऊहरू छेडिनेछन् र उहाँका लुगाहरू एक आपसमा बाँडिनेछन् (भजन २२:१२-१८)। उपर्युक्त भविष्यवाणीहरू विषेश गरेर येशूसँग सम्बन्धित छन्।

पुरानो करारमा उल्लेख गरिएका ती भविष्यवाणीहरू येशूको जीवन, मृत्यु र पुनरुत्थानसँग स्पष्ट र ठिक ठिकसँग मिलेकोले बाइबल वा त्यसमा भएका सामग्रीहरू परमेश्वरको प्रेरणाबाट प्रकट भएको हो भन्ने प्रमाणित हुन्छ। येशू ख्रीष्ट को हुनुहुन्छ र अरूले दावी गरे अनुसार उहाँ को हुनुहुन्छ भन्ने कुरा बाइबलले नै किटान गरेको देखाउँछ। उहाको मृत्यु र पुनरुत्थान पुरानो करारका भविष्यवक्ताहरूले गरे अनुसार नै येशूले पूरा गर्नुभएको थियो (लूका ९:२१, २२, मत्ती १७:२२,२३)। त्यस्तै भविष्यवाणी अनुसार नै यरुशलेमको पतन हुनुले (मत्ती २४:१,२) उहाँको दोस्रो आगमनको भविष्यवाणी (यूहन्ना १४:१-३) पनि पूरा नै हुनेछ भन्ने कुराको सुनिश्चितता देखाउँछ।

बाइबलले भविष्यवाणी गरे अनुसार येशूको मानव अवतार, उहाँको मृत्यु र पुनरुत्थान पूरा भएकोले बाइबल अत्यन्तै भरपर्दो र विश्वास गर्न सकिने धर्मशास्त्र हो भन्ने प्रमाणित हुन्छ।

तपाईँ येशूमाथि विश्वास गर्नुहुन्छ र हाम्रो निम्ति उहाँ मर्नुभयो भनेर पनि विश्वास गर्नुहुन्छ। के कारणहरूले तपाईँ विश्वास गर्नुहुन्छ? बाइबलमा लेखिएका भविष्यवाणीहरू पूरा भएको परिप्रेक्ष्यमा तपाईँलाई बाइबलमा विश्वास गर्न कसरी मद्दत गर्छ?

## ४. इतिहासको रूपमा बाइबल

अरू धार्मिक पुस्तकहरूको तुलनामा बाइबलको छुट्टै पहिचान छ किनभने यो इतिहासको परिवेशभित्र लेखिएको थियो। यसको अर्थ यो पुस्तक कुनै दार्शनिक वा मानव सोचबिचारले मन्थन गरेर प्रस्तुत गरिएको दर्शन वा धार्मिक पुस्तक भने होइन। इतिहासले जसरी विशेष लक्ष्यतिर प्रगति गर्दै जान्छ त्यसमा परमेश्वर कसरी सक्रिय हुनुहुन्छ भन्ने लेखा बाइबलमा राखिएको छ। बाइबलको मामिलामा ती विशेष लक्ष्यहरू हुन्ः १) मसीहको आगमनको प्रतिज्ञा र २) येशूको दोस्रो आगमन। यो प्रगतिशील विश्वास यहूदी-इसाईहरूमा भएको विशेषता हो। विभिन्न युगहरूमा विश्वास गर्ने पौराणिक इजिप्टदेखि अन्य पौराणिक र आधुनिक पूर्वीय धर्महरूले सिकाए भन्दा विपरीत ज्ञान बाइबलले सिकाउँदछ।

येशूको पुनरुत्थान केवल ऐतिहासिक सत्यमात्र नभएर यसले हाम्रै व्यक्तिगत जीवनमा कसरी प्रभाव पार्दछ वा पार्नुपर्छ भनेर देहायका केही पदहरूले हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, १ कोरन्थी १५ः३-८, ५०-५७ "३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। ६ त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। ७ त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। ८ सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो।...५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्।

अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।", रोमी ८:११ "तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।" र १ थेस्सोलिनिकी ४:१३-१८ "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।"

आफ्नै अनुभवद्वारा पनि सुसमाचारका लेखकहरू र पावलले ठोकुवा गरेर भनेका छन् कि येशू मर्नुभयो, गाडिनुभयो, शरीरमै उहाँ बौरी उठ्नुभयो र विभिन्न मानिसहरूको सामु उहाँ देखा पर्नुभयो। उहाँलाई चिहानमा राखेको दृश्य देख्नेहरू र पछि खाली चिहानको प्रत्यक्षदर्शीहरूका अनुसार **येशूको** पुनरुत्थान वास्तविक र यथार्थ रूपमै भएको थियो भनेर आफ्नो अनुभव सुनाउँछन्। प्रत्यक्षदर्शीहरूले उहाँलाई भौतिक र यथार्त रूपमै छोएका थिए र उहाँसँगै खाना पनि खाएका थिए। मेरी मग्दलिनी, येशूकी आमा मरियम र अरू महिलाहरूले पुनरुत्थान भएका येशूलाई देखेका थिए। इम्मायुसको बाटोमा चेलाहरूले उहाँसँग बोलचाल पनि गरे। सुसमाचार सुनाउन दिइएको महान् आदेशको समयमा उहाँ देखापर्नुभएको थियो। यदि धर्मशास्त्रको गवाहीलाई अस्वीकार गरियो भने हामीले गरेको प्रचार व्यर्थ हुनेछ, बेकारको

हुनेछ वा वाहियात हुनेछ (१ कोरन्थी १५:१४ रूपान्तरित)। चेलाहरू उल्लेसित भएर चिच्याउँछन् "यो सत्य हो! येशू बौरिउठ्नुभयो!" (लूका २४:३४ रूपान्तरित)। उनीहरूले प्रयोग गरेका ग्रीक शब्द *अन्टोस्रफरस् ontosrefers* हो जसको अर्थ "साँच्चिक्कै" "निश्चय नै" वा "हो त" भन्ने हुन्छ। यो कुनै मनगडन्ते, काल्पनिक, हल्ला नभएर वास्तविकरूपमै घटेको घट्ना हो भन्ने बुझाउन त्यो शब्द प्रयोग गरिन्छ। "हो त प्रभु बौरिनुभयो" (रूपान्तरित) भनेर चेलाहरूले गवाही दिन्छन्।

सबै मर्नेहरूको पहिलो अगौटे फल येशू हुनुहुन्छ भनेर पावलले १ कोरन्थी १५:२० भन्दछन्। येशू ख्रीष्ट भौतिकरूपमै बौरिउठ्नुभयो र आज पनि जिवित हुनुहुन्छ भन्ने ऐतिहासिक तथ्यले उहाँमा सुतेकाहरूको पनि पुनरुत्थान हुनेछ भनेर ग्यारेन्टी दिन्छन्। सबै धर्मीहरू येशूमा जीवित हुनेछन् भनेर पावल जिकिर गर्दछन् (१ कोरन्थी १५:२२)। यहाँ प्रयोग गरिएको भाषा भविष्यमा हुने पुनसृष्टि हो तर त्यो पुनसृष्टि वा अनन्तको पुनर्जीवन त्यसलाई प्रदान गरिन्छ जो येशूको भएर बस्दछ र तुरहीको आवाजमा उहाँको आगमनसम्म उहाँप्रति बफादार र निष्ठावान भएर बस्दछ (१ कोरन्थी १५:२३, १ कोरन्थी १५:५२)।

**कतिपय धर्महरूले चाहे इसाई धर्मले नै किन नहोस् मानिस मरेपछि सिधै स्वर्ग वा नरक जान्छ भनेर सिकाउँछन्। तर मरेकाहरू सुतिरहेका हुन्छन् र येशूको आगमनमा पुनरुत्थान हुन्छन् भन्ने विद्या वा प्रतिज्ञा हाम्रो निम्ति आस्थाको केन्द्रविन्दु किन भएको छ? र यो आशा बिना हाम्रो विश्वास वा आस्था वा धर्म किन वेकार वा वाहियातको हुनेछ?**

## ५. आमूल परिवर्तन गर्नसक्ने परमेश्वरको वचनको शक्ति

**२ राजा २२मा राजा योशियाहको बारेमा अत्यन्तै मार्मिक कथा लेखिएको छ। कुन कारणले उनले आफ्ना लुगाहरू च्याते? साथै उनले के भेट्टाएका थिए जसले उनीमात्र होइन तर सारा राष्ट्र नै कसरी परिवर्तन भएको थियो। हेर्नुहोस्, " १ जब योशियाह राजा भए तब तिनी आठ वर्षका थिए, र तिनले यरूशलेममा एकतीस वर्ष राज्य गरे। तिनकी आमाको नाउँ अदायाहकी छोरी यदीता थियो। तिनी बोस्कतकी थिइन्। २ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे। तिनी देब्रे-दाहिने नलागी आफ्ना पुर्खा दाऊदकै सबै चालहरूमा हिँडे। ३ आफ्नो शासनकालको अठारौं वर्षमा योशियाह राजाले मशुल्लामका नाति, असल्याहका छोरा सचिव शापानलाई परमप्रभुको मन्दिरमा**

पठाए। ४ तिनले भने, “प्रधान पूजाहारी हिल्कियाहकहाँ जाऊ, र ढोकेहरूले
मानिसहरूबाट ग्रहण गरेका, परमप्रभुको मन्दिरमा ल्याइएको रुपियाँपैसा तयार
राख्नू भनी तिनलाई भन। ५ मन्दिरका मुख्य कर्मचारीहरूका हातमा त्यो दिनू, र
तिनीहरूले परमप्रभुको मन्दिर मरम्मत गर्ने मानिसहरूलाई दिऊन्। ६ अर्थात्
सिकर्मी, डकर्मी र निर्माण गर्नेहरूलाई। मन्दिर मरम्मतको निम्ति काठपात र
काटेका ढुङ्गाहरू तिनीहरूले किनून्। ७ तिनीहरूलाई दिइएको रकमको
हरहिसाब तिनीहरूले नलिऊन्, किनभने तिनीहरू विश्वाससित काम गरिरहेका
छन्।” ८ प्रधान पूजाहारी हिजकियाले सचिव शापानलाई भने, “मैले परमप्रभुको
मन्दिरमा व्यवस्थाको पुस्तक भेट्टाएको छु।” तिनले त्यो शापानलाई दिए, र
तिनले त्यो पढ़े। ९ तब सचिव शापान राजाकहाँ गएर तिनलाई भने, “हजूरका
अधिकारीहरूले परमप्रभुको मन्दिरमा भएको रकम लिएर मन्दिरमा काम गर्नेहरू
र कामको हेरचाह गर्नेहरूलाई दिएका छन्। १० त्यसपछि सचिव शापानले
राजालाई यो सूचना दिए, “प्रधान पूजाहारी हिजकियाले मलाई एउटा पुस्तक
दिएका छन्।” अनि शापानले त्यो राजाको सामुन्ने पढ़ेर सुनाए। ११ जब
राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुने, तब तिनले आफ्ना लुगा
च्याते। १२ तिनले पूजाहारी हिल्कियाह, शापानका छोरा अहीकाम, मीकायाका
छोरा अक्बोर, सचिव शापान र राजाका टहलुवा असायाहलाई यो हुकुम गरेः १३
“मेरो आफ्नै लागि, प्रजाको लागि र सबै यहूदाको लागि यो फेला पारेको
पुस्तकमा के लेखिएको छ भनी गएर परमप्रभुसित सोधपूछ गर। हाम्रा विरुद्धमा
परमप्रभुको भयानक रीस उठेको छ, किनभने हाम्रा पिता-पुर्खाहरूले यस
पुस्तकका वचनहरू पालन गरेका छैनन्। हाम्रा विषयमा त्यहाँ लेखिएका सबै
कुराअनुसार तिनीहरूले व्यवहार गरेका छैनन्।” १४ यसैले पूजाहारी हिल्कियाह,
अहीकाम, अक्बोर, शापान र असायाह राजमहलको लुगाफाटो हेरचाह गर्ने
हरहसका नाति, तिक्भाका छोरा शल्लूमकी पत्नी अगमवादिनी हुल्दाकहाँ सोधपूछ
गर्नलाई गए। तिनी यरूशलेमको दोस्रो टोलमा बस्थिन्। १५ तिनले
तिनीहरूलाई भनिन्, “परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः तिमीहरूलाई
मकहाँ पठाउने मानिसलाई भन, १६ “परमप्रभु यसो भन्नुहुन्छः यहूदाका राजाले
पढ़ेको यस पुस्तकमा लेखिएको हरेक कुराबमोजिम म यस स्थान र त्यसका
मानिसहरूमाथि सर्वनाश ल्याउनेछु। १७ तिनीहरूले मलाई त्यागेका छन्, र अरू
देवताहरूलाई धूप बालेका छन्, र आफ्नै हातले बनाएका सबै मूर्तिहरूद्वारा
मलाई रिस उठाएका छन्। यसैकारण यस स्थानको विरुद्धमा मेरो रिस उठेको
छ, र त्यो शान्त हुनेछैन’। १८ परमप्रभुलाई सोधपूछ गर्न पठाउने यहूदाका

**राजालाई तिमीहरूले यही कुरा भन, 'तपाईंले सुन्नुभएको वचनको विषयमा परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः १९ तिम्रो हृदय जवाफ दिनलाई उत्सुक भएकोले, र मैले यो देश र यसका मानिसहरूका विषयमा भनेको कुरा कि तिनीहरू श्रापित र उजाड़ हुनेछन् भन्ने सुनेर परमप्रभुको सामुन्ने तिमी विनम्र भएकाले, र तिमीले आफ्नो पोशाक च्यातेर मेरो उपस्थितिमा विलाप गरेको हुनाले, तिमीलाई मैले सुनेको छु, परमप्रभु भन्नुहुन्छ। २० यसैकारण म तिमीलाई तेरा पित्रहरूसित जम्मा गर्नेछु, र तिमी शान्तिसित गाड़िनेछस्। यस ठाउँमाथि ल्याउने सबै सर्वनाश तिम्रा आँखाले देख्नेछैनन्।" तब तिनीहरूले राजाकहाँ यो जवाफ ल्याए।"**

ई.पू. ६२१मा यहोशिया २५ वर्ष जतिको थियो त्यसबेला मूल पुजारी हिल्कियाले मन्दिरबाट व्यवस्थाको पुस्तक भेट्टाएका थिए। त्यो मोशाले लेखेका प्रथम पाँच मूठ्ठा वा पुस्तक हुनुपर्छ र विशेष गरेर व्यवस्थाको पुस्तक। राजा यहोशियाका पिता आमोन र उनका अत्यन्तै दुष्ट हजुरबुबा राजा मनस्सेको पालामा त्यो मुठ्ठा हराएको थियो। ती राजाहरूले सृष्टिकर्ता परमेश्वरमाथिको आस्था त्यागेर दश आज्ञामा लेखिएको मूर्तिपूजा विपरीत पत्थरको बाल, अशेरा मूर्तिहरूलाई पूजा गर्दथे र नरबलि पनि दिँदथे त्यतिमात्र नभएर आकाशका तारा वा नक्षत्रहरूलाई पनि भगवान भनेर पूजा गर्दथे (२ राजा २१:३-९)। जब राजा यहोशियाले व्यवस्थामा लेखिएको करारको शर्त सुन्दछन् तब उनी अति बिचलित भएर आफ्नो शाही पोशाक च्यात्दछन्। उनी र उनका मानिसहरूले सत्य परमेश्वरको उपासना गर्नुको सट्टा परमेश्वरले मनाही गरेका पत्थर आदिलाई भगवान भनेर पूजा गरेर बिसङ्गतिमा लागेर कतिसम्म तल झरेका रहेछन् भनेर उनले महसुस गरे। तत्कालै उनले आफ्नो राज्यभरि आत्मिक सुधार ल्याए। पहाडको टुप्पोमा रहेका देवीदेवताहरूको मन्दिरलाई टुक्राटुक्रा पारे र वाह्यदेशबाट भित्रिएका देवीदेवताहरूका मूर्तिहरूलाई धुलोपिठो पारिदिए।जब उनले यो काम सम्पन्न गरे तब यहूदामा परमेश्वरको आराधना गर्ने केवल एउटामात्र स्थान बाँकी रहन्छः त्यो थियो यरुशलेममा भएको परमेश्वरको मन्दिर। परमेश्वरको वचन भेट्टाउँदा वा आत्मसात् गर्न चाहदा त्यसले मानिसहरूलाई आफूले पाप गरेको रहेछु भन्ने महसुस गराउँछन्, पश्चाताप गर्न अग्रसर गराउँछ र आमूल परिवर्तन गर्न घचघच्याउँछन्। यो परिवर्तन राजा योशियाहबाट सुरू भएको थियो र सारा यहूदा राष्ट्रभरि नै फैलिएको थियो।

परमेश्वरको वचनमा हाम्रो जीवनलाई आमूल परिवर्तन गराउने वा आत्मिक, मानसिक र शारीरिकरूपमा (नयाँ जीवनशैली अपनाउने प्रतिवद्धता) काँचुली फेराउने शक्ति छ र बर्तमान समयका लागिमात्र आत्मिकरूपमा मुक्तिको अनुभव गर्ने नभएर अनन्तसम्म मुक्तिको अनुभव दिलाउँछ भनेर देहायका पदहरूले हामीलाई कसरी विश्वस्त पार्दछ? हेर्नुहोस्, यूहन्ना १६:१२-१५ "
१२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।", यूहन्ना १७:१३-२० "
१३ "तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। २० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु।", हिब्रू ४:१२ " किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।" र रोमी १२:१-२ " १ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। २ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ,

**र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।"**

मानिसको जीवनलाई परिवर्तन गर्न सक्नु नै बाइबलको शक्तिको अत्यन्तै शक्तिशाली गवाही हो। मानिसहरूको पाप र निचतालाई परमेश्वरको वचनले काटकुट गर्दछ, हाम्रो मानवीय चरित्रको असली स्वभावलाई प्रकट गर्दछ र हामीलाई मुक्तिदाताको खाँचो भएको यसले देखाउँदछ।

इतिहास समाविष्ट भएको, भविष्यवाणीले युक्त भएको र मानिसहरूको जीवनलाई आमूल परिवर्तन गर्न सक्ने शक्ति भएको बाइबललाई हल्का रूपमा होइन विशेषरूपमा व्याख्या गर्नु पनि अत्यन्तै जरुरी छ। मानिसहरूले लेखेका अरू दर्शन, साहित्य वा धर्मग्रन्थहरूलाई जस्तोगरी बाइबललाई व्याख्या गर्न सकिँदैन। परमेश्वरको जीवित वचन जीवित ख्रीष्टको प्रकाशमामात्र बुझ्नुपर्दछ। उहाँले नै आफ्नो पवित्र आत्मा दिनुभएर हामीलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १६:१३)। परमेश्वरको सत्यलाई प्रकट गर्ने पुस्तक बाइबल भएकोले यसलाई व्याख्या गर्ने नीतिहरू यसैमा समावेश भएको हुनुपर्छ। धर्मशास्त्र बाइबलका लेखकहरूले बाइबललाई कसरी प्रयोग गरे र बाइबलले बाइबललाई नै व्याख्या गर्न तिनीहरूलाई कसरी अगुवाई गरियो सो अध्ययन गरेर बाइबल व्याख्या गर्ने नीति वा शुत्रहरूलाई अध्ययन गरेर हामीले पनि बाइबल बुझ्न त्यही नीतिहरू अपनाउन जरुरी छ।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्री पढ्नुहोस्ः** ***द ग्रेट कन्त्रोभर्सीको*** पृ. ५९३-६०३को "द स्क्रिप्चरस सेफ गार्ड" र *द डिजाएर अभ एजेजको* पृ. ६६२-६८०को "लेट नट योर हर्ट बी ट्रोबुलड।"

परमेश्वरको वचनप्रति निष्ठावान हुँदा र त्यसको गरिमालाई माथि उचाल्दा धेरै मानिसहरूले ज्यान गुमाउनु परेको थियो। तिनीहरूमध्ये डाक्टर रोलान्ड टेलर पनि एक हुन्। उनी बेलायतमा चर्चको प्रचारक थिए। बिलायतकी नरभक्षी महारानी मेरीले रोमनक्याथोलिक चर्चको बिधि जबरजस्ती अपनाउन लगाएकी थिइन्। तर टेलरले आफ्नो हाड्ली चर्चमा त्यो अपनाउन अस्वीकार गरेका थिए। उनलाई चर्चबाट निश्कासन गरियो र बाइबलमामात्र अडिग नरहन कर गरियो। उनले बेलायतको विनचेस्टरको उच्च चर्च पदाधिकारी बिशपलाई बेलायतको प्रधानमन्त्रीलाई आफूलाई धर्मको नाउँमा

जबरजस्ती अर्को आस्था नलाद्न बिन्ती चढाए। तर उनको सुनुवाई कसैले पनि गरेनन्। आखिरमा उनलाई झ्यालखानामा हालियो र खम्बामा उभ्याएर जिउँदै जलाइयो। मर्नुभन्दा पहिले उनले यी शब्दहरू उच्चारण गरेका थिए "हे बेलायतका भद्र जनहरू मैले तपाईंहरूलाई परमेश्वरको पवित्र वचनभन्दा अरू केही पनि सिकाइन। आशिषमय पवित्र बाइबलबाट मैले जे पाठहरू सिकें त्यहीमात्र तपाईंहरूलाई सिकाएको थिएँ। आज मैले सिकाएका वचनहरूलाई मेरो रगतले सिलबन्दी गर्न आएको छु।"-जोन फक्स, द न्यु फक्स बुक अभ मार्टियर्स, ह्यारोल्ड जे. चाडविकद्वारा पुनर्लिखित र आधुनिकरण गरिएको (नर्थ ब्रुन्सविक, न्यु जर्सीः ब्रिज, १९९७), पृ. १९३बाट रूपान्तरित। उनमाथी आगो लगाइनुभन्दा अघि डाक्टर टेलरले भजन ५१ गाइरहेको सुनिएको थियो र परमेश्वरको वचनको निम्ति उनले आफ्नो शरीरलाई जिउँदै जलाउन दिए।

हाम्रो माझमा पनि यही प्रश्न खडा भएको छः के हामी पनि परमेश्वरको वचनमा भएका सत्यहरूलाई माथि उचालि राख्न हामी पनि निष्ठावान भएर बस्छौं त? ढिलो वा चाँडो अन्तिम युगमा हुने संघर्षमा यो परीक्षा हामीले पनि सामना गर्नुपर्ने हुन्छ। त्यसको लागि कहिले तयार हुने भन्दा त्यसको जबाफ भोलि होइन, तर अहिले नै हुनुपर्छ।

**चिन्तनमनन्:**

**अ. भविष्यवाणीहरूले बाइबलको उत्पत्ति परमेश्वरबाट भएको हो भन्ने कुरालाई कसरी अनुमोदन गर्दछ? भविष्यवाणी गरिए अनुसारका कार्य पूरा भएको सन्दर्भमा हाम्रो विश्वास बाइबलमा कसरी अडिग राख्न सक्छौं?**

**आ. येशू ख्रीष्टको आगमन जीवित बाइबलले भने अनुसार पूरा हुनेछ भनेर बाइबलको सत्यतालाई प्रमाणिकरण गर्न बाइबल कसरी प्रभावकारी आधार हुन गएको छ?**

**इ. पवित्र धर्मशास्त्रको विश्वसनीयता र यसमाथि परमेश्वरको आधिकारिकतामाथि येशू र चेलाहरूले नडगमगाइकन आफ्नो आस्था राखेका थिए। कतिपय समयमा येशूले धर्मशास्त्रलाई औंल्याउनुभएको थियो भने कतिपय समयमा आफूले नै धर्मशास्त्र पूरा गर्नुभएको थियो भनेर दावी गर्नुभएको थियो। उदाहरणमा मत्ती २६:५४-५६ "५५ त्यसै बेला येशूले भीड़लाई भन्नुभयो, "डाँकूको विरुद्धमा आएझैं मलाई पक्रन तरवार र लाठाहरू लिएर तिमीहरू किन आयौ? म दिनहुँ**

मन्दिरमा शिक्षा दिँदै बस्थें, र तिमीहरूले मलाई पक्रेनौ। ५६ तर अगमवक्ताहरूका धर्मशास्त्रहरू पूरा होऊन् भनी यी सबै हुन आएका हुन्।" तब सबै चेलाहरू उहाँलाई छोड़ेर भागे।", मर्कूस १४:४८-४९ "४८ येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू एउटा डाँकूलाई जस्तै तरवार र लौरासमेत लिएर मलाई पक्रन आएका छौ? ४९ दिनदिन मन्दिरमा सिकाउँदै म तिमीहरूसँग थिएँ, र तिमीहरूले मलाई गिरफ्तार गरेनौ। तर धर्मशास्त्र पूरा होस्।", लूका ४:१६-२१ "१६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयो: १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" , यूहन्ना १३:१८ "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' र यूहन्ना १७:१२ "जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो।" यसरी येशू आफैले धर्मशास्त्रलाई (पुरानो करार) गम्भीररूपमा लिनुभएर भविष्यवाणी पूरा भएको भावना व्यक्त गर्नुभयो भने बाइबलप्रति हाम्रो धारणा कस्तो हुनुहुनपर्छ?

## कथा १
## प्रार्थनाको दाना
## आन्ड्र्यु मेकचेस्नी, एडभेन्टिस्ट मिशन

***धान बालिबाट योलान्डा मल्लले प्रार्थनाको शक्तिको विषयमा सिकिन्।***

उनका श्रीमानले उनीसँग पारपाचुके गरेपछि उनी बिचलित भएकी थिइन् तर उनले आफ्नो मातृभूमि फिलिप्पिनको गाउँको धानबालीमा काम पाइन्। धान रोप्नु र त्यसको स्याहार गर्नु योलाण्डाको काम थियो। धान बालीमा काम गर्ने बेलामा उनले आफ्ना दुई दुधे छोराहरू घरमा छोड्थिन्। धानबाली भित्र्याउने बेलामा आधा भाग जग्गा धनीलाई दिने शर्तमा उनले खेतमा काम गरेकि थिइन्। त्यो खेत उनको आफन्तको खेतनजिकै थियो।

मल्लले खेतमा धेरै परिश्रम गरिन्। जब धान फल्न थाल्यो तब उनलाई थाहा भयो कि त्यसबाट निस्कने चामल एकदमै असल हुनेछ।

त्यस गाउँमा हुरी बतास र पानीले धेरै बालिहरू नाश गर्थ्यो। धान फल्दै गरेको बेलामा उनले प्रार्थना गरिन् "हे प्रभु, कुनै पनि विनाशलाई यो धान नाश पार्न नदिनुहोस् किनकि मैले मेरा बालकहरूलाई ख्वाउनु छ।"

उनले प्रार्थना गरेको दुई हप्तापछि उनको गाउँ रहेको क्षेत्रमा ठूलो आँधी आयो। हावाहुरी र पानीले उनको घरलाई हानीरहेको थियो। अनि अचानक उनले धान बाली सम्झिन्। "प्रभु म केही पनि गर्न सक्दिनँ। मेरो प्रार्थना सुनिदिनुहोस्" परमेश्वरसँग उनले अनुरोध गरिन्। वर्षाले त्यस क्षेत्रमा ठूलो बाढी आएको थियो। जब धेरै दिनपछि वाढी सामसुम भयो तब उनी आफ्नो घर छोडेर खेततर्फ लागिन्। हुरीबतास र वर्षाले आफ्नो खेत बालि पनि नाश गर्‍यो होला भन्नेमा उनी उत्सुक थिइन्।तर धान त पहेंलै भएर पाकी रहेको थियो। डरलाग्दो आँधी र पानीले उनको खेतबालिलाई नछोएको देख्दा उनी अचम्ममा परिन्। अनि आफ्नो खेतको वरिपरिरहेका अरू खेतहरू पनि हेरिन्। ती खेतहरूमा भएका धान बाली सबै ध्वस्त भएका थिए। उनको आफन्तको बाली पनि नष्ट भएको थियो।

जब बाली काटियो तब जग्गा धनीले अत्यन्तै अचम्म माने। "पहिलो पटक त्यस खेतले सबभन्दा असल वा गुणस्तरीय चामलको उत्पादन गर्‍यो" अचम्म मान्दै गुनगुनाउँदै उनले भनिन्। "गत वर्ष यो खेतको सवै धान मुसाले खाएको थियो । जग्गाधनीले भने। मुसाले धान यस्तो नाश गरेको थियो कि

खेतको सबै धान किसान एक्लैले काटेको थियो। तर मल्ललाई धानबाली काटेर भित्राउन १७ जना मानिसहरूको सहयोगको आवश्यकता परेको थियो।

आफ्नो प्रसस्त धान देखेर मल्लले हुरीबतास आएको रातमा आफूले गरेको प्रार्थनालाई सम्झिन्। "मेरो प्रार्थना सानो थियो तर त्यो त एकदम शक्तिशाली पो हुन पुगेछ" साइप्रसमा अन्तवार्ता दिँदै उनले भनिन्। अहिले उनी आफ्नो देश छोडेर ग्रीस देशको टापुमा घरेलु कामदारको रूपमा काम गर्छिन्। उनले परमेश्वरप्रति आभार व्यक्त गरिन् "एउटा सानो दानाजत्रो प्रार्थनाले लाखौं धानका दानाहरू बचेका थिए। हामीले त गन्नै सकेनौं।"

*(यस त्रैमासिकमा उठेको साबथ स्कूलको भेटीको केही भाग साइप्रसको निकोसिया सहरमा नयाँ चर्च भवन र सामुदायिक भवन बन्न सहयोग स्वरुप दिइनेछ)।*